# मेन्छयायेम गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
**मोराहाङ्ग, तेह्रथुम**
**कोशी प्रदेश, नेपाल**

## <u>औषधि तथा सर्जिकल खरिद सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वानको सूचना</u>

**प्रथमपटक प्रकाशित मिति २०८१।०७/०६**

यस कार्यालयबाट प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र रु.१०००।-( फिर्ता नहुने गरी) तिरी वा यस गाउँपालिकाको नाममा खोलिएको कुमारी बैक लिमिटेड मोराहाङ्ग, तेह्रथुम, शाखामा रहेको आन्तरिक राजस्व खाता नं. २७२०२४७११८९००००५मा जम्मा गरेको भौचर सहित निवेदन साथ संलग्न राखि कार्यालय समय भित्र दरभाउपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिले यस कार्यालयबाट दरभाउपत्र खरिद गर्न सकिनेछ । दरभाउपत्र खरिद गर्नका लागि निवेदकले आ.व. ०७९/०८० को नवीकरण गरेको कम्पनी दर्ता फर्म, औषधी व्यवसायी आयकर दर्ता तथा मु.अ.कर.दर्ता तथा मु.अ.कर दर्ता प्रमाणपत्रहरु, कालोसूची नपरेको, कानूनबाट कुनै अयोग्य नभएको पत्र लिखित घोषणा पत्र र अन्य आवश्यक कागजाचतहरु सहित दरभाउपत्र साथ संलग्न फाराम खरिद गर्न निवेदन पेश गर्नुपर्नेछ ।

१.सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म दरभाउपत्र यस गाउँपालिको कार्यलयबाट खरिद गर्न सकिनेछ । बिक्री भएको दरभाउपत्रहरु १६ औं दिन दिनको १२.०० बजे भित्र दर्ता गरिसक्नुपर्नेछ । दर्ता भएका दरभाउपत्रहरु सोहि दिनको २.०० बजे यस कार्यालयमा प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ । प्रतिनिधी उपस्थित नभएमा समेत दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

२.दरभाउपत्रदाताले कबोल गरेको अंकको २.५ प्रतिशतले हुने रकम यस कार्यालयको नाममा खोलिएको कुमारी बैक लिमिटेडमोराहाङ्ग, तेह्रथुम, शाखामा रहेको धरौटी खाता नं. २७२०२४७११८९०००१८ मा जम्मा गरेको सक्कल बैंक भौचर वा सो बराबरको मान्यता प्राप्त वाणीज्य बैंकले जारी गरेको कम्तीमा ७५दिन म्याद भएको जमानत (बीडवण्ड) को सक्कल प्रति पेश गर्नुपर्नेछ ।

३.दरभाउपत्र खरिद गर्दा कार्यालयको आधिकारिक व्यक्तिको दस्तखत, कार्यालयको छाप लागेको छ छैन हेरि खरिद गर्नुपर्नेछ । दस्तखत तथा कार्यालयको आधिकारिक छाप नभएको, शिलबन्दी उपर कुनै मान्यता हुने छैन । प्रतिनिधीले दरभाउपत्र खरिद गर्न आउदा अनिवार्य रुपमा मन्जुरिनामा पत्र लिएर आउनुपर्नेछ ।

४.शिलबन्दी खरिद गर्ने, बिक्री गर्ने तथा दर्ता गर्ने दिन सार्वजनिक विदा परेमा त्यसपछि कार्यालय खालेको दिन सोहि अनुसार हुनेछ ।

५. शिलबन्दी दरभाउपत्रमा कबोल गरिएको दररेट अंक र अक्षर दुवैमा प्रष्ट रुपमा लेखिएको हुनुपर्नेछ । फरक परेमा अक्षलाई मान्यता दिइनेछ । केरमेट गरेको ठाउमा दस्तखत र छाप अनिवार्य हुनुपर्नेछ अन्यथा मान्यता दिइनेछैन ।

६. औषधिहरु WHO GMP Certified Companyबाट उत्पादिन औषधिहरु मात्र खरिद गरिनेछ । सप्लाई हुने औषधीहरुको प्रत्येक प्याकिङ्गको बाहिर उत्पादन मिति, Expire dateर व्याच नम्बर लेखिएको हुनुपर्नेछ । औषधीको म्याद १८ महिना सम्मको बाकि (Expire date) हुनुपर्नेछ ।

७.औषधि तथा सर्जिकल उपकरणको ढुवानी तथा अन्य करहरु दरभाउपत्रवाला स्वयमले व्यहोर्नुपर्नेछ । दरभाउपत्रमा उल्लेख भएको औषधि तथा सर्जिकल उपकरणको परिमाणमा आवश्यकता अनुसार थपघट हनुसक्नेछ ।

८.यस सुचनामा छुट हुन गएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ तथा खरिद नियमावली २०६४ अनुसार एवं प्रचलित कानून अनुसार हुनेछ ।

९.दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । थप कुराहरु बुझ्नुपरेमा कार्यालयको स्वास्थ्य शाखामा सम्पर्क गर्न सकिनेछ ।

| सि.नं. | दरभाउपत्र | विवरण | लगत अनुमान | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | ०१।०८१।८२ स्वास्थ्य | औषधी खरिद | २१७६०००।- | ५४४००।- | |